दार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

पत्र स. २०८०/०८१
चलानी नं.

## कृषि स्नातक प्राविधिक सेवा करारमा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५**

दार्मा गाउँपालिको मिति २०८०/०८/२५ गतेको निर्णय अनुसार तपसिल बमोजिमका पदहरुमा सेवा करारमा पदपुर्ति गनुर्पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले रितपूर्वक यो सूचना प्रकाशित भएको १५ दिन भित्र दिनको २:०० बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम, दस्तुर कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा कार्यालयको वेवसाइट प्राप्त गर्न सकिनेछ।

**तपसिलः**

| क्र.स. | विज्ञापन नं. | पद | तह | जम्मा माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०८०/८१ | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैठौं वा सो सरह | १ | |

१.योग्यताः कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उतिर्ण भएको हुनुपर्नेछ।

२.आवश्यक कागजातः पासपोर्ट साईजको फोटो २ प्रति, व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण), कार्य अनुभवको प्रमाणपत्रहरु स्वयं उम्मेदवारले दस्तखत गरेर प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३.कार्य विवरण (TOR) : स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम तथा कार्यालयको आवश्यकता अनुसार हुनेछ।

४.परिक्षाको किसिमः संक्षिप्त सूची (Short List), लिखित र अन्तरवार्ता।

५.दरखास्त दिने अन्तिम मितिः २०८०/०९/०९गते सम्म ।

६.आवेदन दस्तुरः रु १००० खाता नं नविल बैंक दार्मा शाखा : 0730101750275 (आन्तरिक राजश्व खाता दार्मा गा.पा)

७.तलवः नेपाल सरकारले तोकेको अधिकृत स्तर छैठौं तहको सुरु तलव स्केल बराबर हुनेछ ।

८.उमेरःपुरुषको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

९.परिक्षाको मितिः संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ ।

१०.सेवा करार अवधिः २०८१ असार मसान्त सम्म ।

११.दरखास्त फारम तथा अन्य थप जानकारीको लागी गाउँपालिकाको वेवसाईट www.darmamun.gov.np हेर्न वा गाउँपालिकाको कार्यालयमा ९८५७८४४६८/९८६३४५७३५३ मा सम्पर्क राख्न सकिने छ ।

...........
रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

उत्पादनमा वृद्धि दार्माको सम्वृद्धि